अनुसुची –२
प्रस्ताव नं. १
वुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला लुम्विनी प्रदेश ।
बैठक नं. १२३

षयः- ठेक्का सम्झौता रकम असुली तथा राजश्व वाँडफाँड सम्वन्धमा ।

प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मितिः- २०८१/०३/१८

**विषयको संक्षिप्त व्यहोरा**:-ठेक्का सम्झौता रकम असुली तथा राजश्व वाँडफाँड सम्वन्धमा ।

**प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा** :-प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यपालिका बैठकबाट क्का सम्झौता रकम असुली तथा राजश्व वाँडफाँड सम्वन्धमा निर्णय गर्नुपर्ने भएकोले।

**प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय**:- प्यूठान नगरपालिका नगरकार्यपालिकाको ार्यपालिका बैठकबाट ठेक्का सम्झौता रकम असुली तथा राजश्व वाँडफाँड सम्वन्धमा निर्णय गर्न मनासिव खेएकोले।

**. निर्णय हुनु पर्ने व्यहोरा** :- प्यूठान नगरपालिका, नगरकार्यपालिकाको बैठकबाट ठेक्का सम्झौता रकम असुली था राजश्व वाँडफाँड सम्वन्धमा तपशिल बमोजिमको निर्णयहरु गर्नुपर्ने–

१. प्यूठान नगरपालिकाको क्षेत्रभित्रको झिमरुक तथा माडी नदी क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन,घाटगद्दी तथा बिक्री वितरणका लागि ओसन ई. कन्सल्टेन्सी कन्स्टक्सन र सप्लायर्सका प्यूठान नगरपालिका–८ का प्रो. शिवा पण्डित र यस कार्यालय बिच खैरा गोलापुर,वेलुवाघाट तल्लो, भलावाङ माडीखोला असीबगर हुँदै विजुवार पुल सम्म मु.अ.कर बाहेक ४०,१००००। (अक्षरुपी रु. चालिस लाख दस हजार) मा मिति २०८०।०७।१४ मा सम्झौता भएको छ । उक्त सम्झौता र सुचना बमोजिम प्रथम पक्षले सम्झौताका बखत २०% वा रु ९०६२६०। ( अक्षरुपी रु नौ लाख छ हजार दुई सय साठी ) बुझाएको तथा दोस्रो तथा अन्तिम किस्ता समयमा नबुझाएको र हालसम्म पत्राचार तथा टेलिफोन सम्पर्क गर्दा समेत तिर्न अटेर गरेको पाईएकोले निजलाई पुन पत्राचार गरी तुरुन्त सम्झौता बमोजिमको रकम दाखिला गर्न लगाउने र रकम भुक्तान नगरेमा निजको बैंक ग्यारेन्टीबाट उक्त रकम असुल उपर गर्ने ।

यसै सन्दर्भमा लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको च.न.९९४ मिति २०८१।०३।१८ को पत्रमार्फत स्थानीय तहलाई अनुदान रकम निकासा सम्वन्धमा भन्ने विषयको पत्रबाट स्थानीय तह र प्रदेश सरकार विच हुने राजश्व बाँडफाँडको रकम विभाज्य कोषमा दाखिला नगरे अनुदान रकम निकासा नहुने व्यहोरा उललेख भई आएकोले हाल प्रदेशलाई उपलब्ध गराउनु पर्ने राजश्व वाँडफाँडको रकम प्यूठान नगरपालिकाको सञ्चित कोषमा सञ्चित जुनसुकै शीर्षकबाट उक्त रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने ।

२. मालपोत कार्यालय खलङ्गा, प्यूठानको च.न. १८०६ मिति २०८१।०३।१८ को रकम पठाई सहयोग गरिदिनुहुन भन्ने व्यहोराको पत्र प्राप्त भयो । उक्त पत्रमा २०८० असार देखि २०८१ जेष्ठ मसान्त सम्म यस नगरपालिकाको कार्यक्षेत्र भित्रका घरजग्गा कारोवार वापत संकलित रकम रु ९,२१४,६१४। (अक्षरुपी रु. वयानव्वे लाख चौध हजार छ सय चौध) नगरपालिकाको आन्तरिक आयमा जम्मा भईसकेकोले नगरपालिकाको क्षेत्रका जग्गाको मोठ, सेूरस्ता तथा तामेलीहरु बाइण्डिङ्ग तथा मर्मत र प्रशासनिक खर्चका लागि जम्मा रकमको ५% उपलव्ध गराउन अनुरोध भई आएकोले उक्त कार्यालयको माग बमोजिम एकमुष्ट रु १ लाख ५० हजार उपलव्ध गराउने ।

**५ नगरकार्यपालिकाको निर्णयः-**

" निर्णय हुनुपर्ने व्यहोरामा लेखिएबमोजिम हुने "।

अनुसुची -२

प्रस्ताव नं.२

वुदाँ नं। १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला लुम्विनी प्रदेश।

बैठक नं. १२३

विषयः- विविध निर्णयहरु सम्वन्धमा।

प्रस्ताव पेश गर्ने प्रमुखवाट स्वीकृती प्राप्त मितिः- २०८१/०३/१८

१.विषयको संक्षिप्त व्यहोरा:-प्यूठान नगरपालिका नगरकार्यपालिकाको विविध निर्णयहरु।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यपालिका बैठकबाट विविध निर्णय गर्नुपर्ने भएकोले।

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:- प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यपालिका बैठकबाट विविध निर्णय गर्न मनासिव देखिएकोले।

४. निर्णय हुनु पर्ने व्यहोरा :- :- प्यूठान नगरपालिका, नगरकार्यपालिकाको बैठकबाट तपशिल बमोजिमका विविध निर्णयहरु गर्नुपर्ने

क. प्यूठान नगरपालिकाबाट माण्डवी गाँउपालिकाको आयोजनामा राष्ट्रब्यापी अन्तरपालिका स्तरिय भलिवल प्रतियोगितामा प्यूठान नगरपालिकाको पनि सहभागिता भएको र उक्त सहभागिताका लागि नगरपालिकास्तरमा खेलाडी छनौट, बन्दसत्र, एवं प्रतियोगितामा सामेल हुन खेलाडी, प्रशिक्षक,र व्यवस्थापक सहितको खर्च वापतको हुन आउने रकम प्रशिक्षकको कार्यक्रम प्रतिवेदनका आधारमा हुन आउने रकम रु १७५०००। (अक्षरुपी रु. एक लाख पचहत्तर हजार मात्र )यस प्यूठान नगरपालिकाको आ.व. २०८०।८१ मा शिक्षा तर्फ विनियोजित निशुल्क शिक्षा सम्वन्धी शिर्षकको रकमवाट व्यहोर्ने।

ख. प्यूठान नगरपालिका वडा नं. ४ बाट शुरु हुने जुम्री टारी हुँदै रोल्पा जाने बाटो स्तरोन्नती कालोपत्रे हुँदै गरेको बाटोमा स्तरोन्नतीको क्रममा खेतीयोग्य जमिनमा सिंचाईको लागि व्यवस्थापन भएका पुर्ववत संरचनाहरु नाश भएको हुँदा सिंचाइको पुर्ववत अवस्था कायमै राख्नका लागि प्राविधिक स्टिमेटका आधारमा हुन आउने रकम १४८२४७। (अक्षरुपी रु एक लाख अठचालिस हजार दुई सय सतचालिस मात्र) यस प्यूठान नगरपालिकाबाट आ.व. २०८०।८१ मा विनियोजित बेसार प्रशोधनका लागि विनियोजित शिर्षकको बचत रकमवाट व्यहोर्ने।

ग. चिस्यान केन्द्रको विद्युत विल वापतको रकम रु १,१९,८१८।-(अक्षरुपी रु एक लाख उन्नाईस हजार आठ सय अठार रुपैया मात्र )कृषि चिस्यान केन्द«« नव हातेमालो कार्यक्रम अ.ल्या.वाट व्यहोर्ने।

घ. प्यूठान नगरपालिका वडा नं. ०२ को आ.व. २०७९।८० मा सम्पन्न भएका तपशिलका योजनाहरुको भुक्तानी प्यूठान नगरपालिकाको आ.व. २०८०।८१ मा विनियोजित आलुको विउ खरिद वितरण ५०% अनुदानवाट वाँकी रकम रु ७४०००।- र अपुग रकम रु १२६०००।- प्यूठान नगरपालिकाको कन्टीजेन्सीवाट व्यहोने।

**तपशिल**

क. मेला व्यबस्थापन रु ५००००।-

ख. अरनिको आ.वि. खेलकुद सामाग्री खरिद रु ५००००।-

ग. अस्थायी प्रहरी विट फर्निचर खरिद रु ५००००।-

घ. मातृभुमी टोल सुधार समिति टेन्ट खरिद रु ५००००।-

**५. नगरकार्यपालिकाको निर्णय:-**

"निर्णय हुनुपर्ने व्यहोरामा लेखिएबमोजिम हुने"।